# बिन्दबासिनी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ मितिः २०७८/०४/५


## भाग-१

### बिन्दवासिनी गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन ऐन २०७८

**प्रस्तावना :**

मुलुक संघीय संरचनामा गइ कर्मचारी समायोजन ऐन २०७५ लागु भइ सरकारी तथा अन्य सेवाबाट समायोजन भइ बिन्दवासिनी गाउँपालिकामा कामकाज गर्न खटिएका तर साविकको बिन्दवासिनी गाउँपालिकामा सेवा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल बिन्दवासिनी गाउँपालिकामा सरुवा भइ आएका स्थायी रुपमा कार्यरत कर्मचारीहरुको हालसम्म न्यायोचित समायोजन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृद्धि विकासनै अवरुद्ध हुन गइ त्यसको असर कार्यसम्पादनमा समेत परेकोले त्यसको यथोचित सम्बोधन अपरिहार्य भएको हुँदा साविकमा बिन्दवासिनीमा सेवा प्रवेश गरी कार्यरत स्थायी कर्मचारी र अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी बिन्दवासिनी गाउँपालिकामा सरुवा/समायोजन तथा पदस्थापना भएका कर्मचारीहरुको तह बृद्धि तथा बढुवा सम्बन्धीमा कानुनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बिन्दवासिनी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद–१

**१.संक्षित नाम र प्रारम्भ :**

**(क)** यस ऐनको नाम "बिन्दवासिनी गाउँपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन,२०७८" रहेको छ ।

(ख) यो "ऐन" तुरुन्त प्रारम्भ हुनेछ ।

२.**परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले बिन्दवासिनी गाउँपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन २०७८ लाई सम्झनु पर्छ ।

(ख)"कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (बिन्दवासिनी गाउँपालिका, जिल्ला विकास समिति, गाउँविकास समिति) को स्वीकृत दरबनदीमा स्थायी नियुक्ति भई यो ऐन जारी हुँदाका वखत बिन्दवासिनी गाउँपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बिन्दवानिसी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस ऐन अन्तर्गत रही गाउँपालिकाले बनाएको अन्य कानुनमा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा " भन्नाले बिन्दवासिनी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "स्थानीय सेवा" भन्नाले बिन्दवासिनी गाउँपालिका तथा साविकका अन्य स्थानीय निकायमा स्थायी पदपुर्ति भई हाल सम्म कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) "गाउँपालिका" भन्नाले बिन्दवानिसी गाउँपालिकालाई सम्झनु पर्छ ।

(झ) "स्थानीय कानुन" भन्नाले बिन्दवासिनी गाउँपाकिलाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

(ञ) समिति भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## समायोजन मिलान सम्बन्धी व्यवस्था

### ३. गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलान

(१) साविकको स्थानीय निकाय बिन्दवासिनी गाउँपालिका र अन्य स्थानीय निकाय (जिल्ला विकास समिति र गाउँ विकास समिति) को स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति भई यो ऐन जारी हुँदाको वखत बिन्दवासिनी गाउँपालिकामा कार्यरत स्थानीय सेवाका सबै कर्मचारीहरुलाई एकपटकको लागि देहाय बमोजिम समायोजन, तह मिलान तथा ग्रेड (तलब बृद्धि) बृद्धि गरिने छ ।

| साविकको तह | अबधी | समायोजन गरिने तह | विगत दुई वर्षको कार्य सम्पादनको अंक | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| श्रेणी विहिन दोस्रो | | श्रेणी विहिन तेस्रो | | |
| श्रेणी विहिन | | श्रेणी विहिन चौथो | | |
| तेस्रो(गाउँ प्रहरी वारुणयन्त्र र सरसफाइ सहजकर्ता समेत | | तेस्रो(गाउँ प्रहरी वारुणयन्त्र र सरसफाइ सहजकर्ता समेत | | |
| सहायक स्तर तृतिया | ३ वर्ष | सहायकस्तर चौथो | ८५ प्रतिशत | दश कक्षा वा सो सरह उतिर्ण गरेको |
| सहायक स्तर चौथो | ३ | सहायक सतर पाँचौ | ८५ प्रतिशत | प्रवेशिका वा सो सरह |
| सहायक स्तर पाँचौ | ४ | अधिकृतस्तर छैठो | ८५ प्रतिशत | प्रविणता प्रमाणपत्र तह वा सो सरह |
| अधिकृत स्तर छैठो | ४ | अधिकृतस्तर सातौ | ८५ प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर सातौ | ४ | अधिकृत स्तर आठौँ | ८५ प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |

| | | | | |
|---|---|---|---|---|
| अधिकृत स्तर आठौं | ४ | अधिकृतस्तर नवौं | ८५ प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |

(२) उपदफा (१)मा जुन सुकै कुरा लेखिएको भएतापनि उपदफा (१)बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएको तर सोहीतहको स्थायी पदमा ९ वर्ष वा सो भन्दा वढी अवधी पुरा गरेको भए एक पटकको लागि एक तह वृद्धि गरिने छ।

(३) उपदफा (१) र (२) मा तोकिएको मापदण्डमा नपर्ने र अविछिन्न रुपमा काम गर्नेहरुको हकमा वढीमा २ ग्रेड थप गरिने छ।

(४) उपदफा (१) बमोजिम तह बृद्धि गर्दा साविकको पदमा ५ वर्ष सम्म काम गरेका कर्मचारीलाई कुनै थप सुविधा प्रदान गरिने छैन, तर साविककोपदमा ५ वर्ष भन्दा माथी काम गरेका कर्मचारीको हकमा भने पाँच वर्ष देखी सात वर्ष सम्मको लागि थप एक ग्रेड सात वर्ष देखी ९ वर्ष सम्मको लागि थप दुई ग्रेड र नौ वर्ष देखी माथी ३ ग्रेड थप सुविधा दिइ सोही अनुरुप जेष्टता समेत कायम गरिने छ।

(५) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ।

(६) यस दफा बमोजिम गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड बृद्धि गरी तलब मिलान गरिनेछ।

(७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन् ।

## ४.समायोजन तह मिलानको पत्र दिने

(१) यस ऐन बमोजिम बिन्दवासिनी गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि समायोजन तह मिलान ( तह बृद्धि )को पत्र दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची –१ बमोजिम हुनेछ।

**५. पदस्थापना गरिनेः**

(१) दफा ३ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अधि स्वतः फुल दरबन्दीमा कायम भएको मानिने छ। यसरी समायोजन भइ पुल दरबनदीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन।

(२) दफा ३ बमोजिम समायोजन तह मिलान भएका गाउँपालिका अन्तर्गत रहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ।

**६. समायोजन भएका कर्मचारीको सेवा सुविधा** : यस ऐन बमोजिम समायोजन भएका गाउँपालिकाको कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचालित कानुनले तोके बमोजिम हुनेछ।

**७.जेष्ठताको गणनाः**

(१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना हुनेछ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा, सुविधा भने यो ऐन जारि भए पछि मात्र लागु हुने छ।

**८. समिति**

दफा ३ बमोजिमको समायोजन तह मिलानका लागि आवश्यक प्रशासनिक कार्यसम्पादन गर्न तथा समायोजन/बढुवा सिफारिसको निम्ति देहाय बमोजिमको समिति रहनेछ। सो समितिको सिफारिसलाई आधार मानी प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान (बढुवा) को पत्र दिने छ।

बरिष्ठ अधिकृत बिन्दवासिनी गाउँपालिकाको संयोजक

प्रमुख प्रशासकिय अधिकृतले तोकेको बिन्दवासिनी गाउँपालिकाको अधिकृत सदस्य

अधिकृत स्तर प्रशासन शाखा प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी अन्य कर्मचारी, बिन्दवासिनी गाउँपालिका सदस्य सचिव

९.स्थायी पदपुर्ति सम्बन्धी व्यवस्था

(१) साविकका स्थानीय निकाय र विन्दबासिनी गाउँपालिकाको स्वीकृत दरवन्दीको अधिकृतस्तर छैठौ तह, सहायक स्तर पाँचौ र चौथो तहमा करार सेवामा काम गरि यो ऐन प्रारम्भ हुदाँका बखत सम्म अभिछिन्न रुपमा सोही पदमा कार्यरत कर्मचारीहरु विच मात्र सोही पदमा छुटै आन्तरिक प्रतिर्स्पधात्म परिक्षा संचालन गरी एक पटकको लागि स्थायी पदपुक्ति गर्न सकिनेछ ।

(२) श्रेणी विहिन पदनमा स्थायी रुपमा लगातार आठ वर्ष कार्यरत कर्मचारीहरुलाई निजले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण प्रत्रको आधारमा आन्तरिक प्रतिस्पर्धा गराई सहायक स्तर चौथो तह (पद) मा पदपुक्ति गर्न सकिनेछ ।

(३) उपदफा १ र २ बमोजिमको प्रतिस्पर्धात्म परिक्षा संचालनको लागि प्रदेश लोक सेवा आयोग प्रद्श न२ लाई अनुरोध गरिनेछ ।

१०. स्यानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघिय सरकारले जारी गर्ने स्थानिय तहको कर्मचारी व्यवस्थापन संम्बन्धी मापदण्डमा उल्लेखित कानुनी व्यवस्था संग यो ऐन को व्यवस्था बाझिएमा बाझिएको हदसम्म निष्कृय हुनेछ ।

११. आवश्यक व्यवस्था मिलाउने :

यो ऐन कार्यान्वयन गर्ने कममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवष्यक व्यवस्था मिलाउन सक्नेछ ।

# अनुसूची–१

## दफा ४ को उपदफा(२) सँग सम्बन्धित

## समायोजन (तह मिलान) पत्र

पत्र संख्या :
चलानी मितिः…………………
श्री……………………………………………

विषयः–समायोजन (तह मिलान) गरिएको सम्बन्धमा ।

बिन्दवासिनी गाउँपालिका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८ बमोजिम आजैका मिति देखि लागू हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा दरबन्दीमा रहने गरी समायोजन (तह मिलान) गरिएको छ । समायोजन (तह मिलान) हुनु भएकोमा बधाई छ, तपाईको उज्जवल भविष्यको कामना गर्दछु ।

तपसिल :–

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पद | पद |
| तह | तह |
| सेवा | सेवा |
| समूह | समूह |
| नियुक्ति मिति | नियुक्ति मिति |

बोधार्थः–

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथाा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. २ जनकपुर ।

श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन महाशाखा, बिन्दवासिनी गाँउपालिका ।

आज्ञाले,

गाउँसभाबाट स्विकृत २०७८।०३।३१ गते

प्रमुख प्रशासकिय अधिकृत
बिन्दबासिनी गाउँपालिका